१४ Project Bank मा रहेका योजनाहरु कार्यान्वयन गर्नका लागि नगरपालिकाले छुट्याइएको समपुरक कोष (Matching Fund) को साझेदारीमा प्रदेश सरकार तथा संघीय सरकारमा थप रकम विनियोजनका लागि अनुरोध गर्ने निर्णय गरियो ।

१५ नगरपालिका क्षेत्र भित्रको शान्ति सुरक्षा कायम राख्न  र जनताको ज्युधनको सुरक्षाको लागि ज.न.पा. ३ को डुंग्री क्षेत्र, ज.न.पा. ४ को आम्पाटा कौसाढ क्षेत्र र वडा नं. ७ को तमैल क्षेत्रमा अस्थाइ प्रहरी विट स्थापनाका लागि नेपाल सरकार गृह मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

१६ यस नगरपालिकाको आ.व. २०७३/०७४ सम्मको लेखा समितिले प्रस्तुत गरेको प्रतिवेदन माथि छलफल गरियो ।

क) अशुल गर्नु पर्ने बेरुजु रु. १७६५२।

ख) नियमित गर्नु पर्ने बेरुजु मध्य साविक कैलाश गा.वि.स.को रु. ५७७७९०।४० र नगरपालिकाको ५७१०९

ग) पेश्की बेरुजु

१. मोविलाइजेसन रु. ७९०९०००२।

२. संस्थागत पेश्की रु. १८७०००।

**जम्मा बेरुजु रु.७७४८५५१।४०**

माथि उल्लेखित बेरुजु कुल खर्च रकम रु. १०६१२१७११।५४ को ७.३० प्रतिशत देखिएता पनि (मोविलाइजेसन म्याद भएको) पेश्की घटाई खुद कायम भएको वेरुजु ८३१५५१।५४ अर्थात ०.७९ प्रतिशत कायम रहेको देखिन्छ । हाल कार्यालयले पेश्की बेरुजु न्युन गर्ने रणनीति बमोजिम पेश्की दिने कार्यलाई निरुत्साहन गरेको देखिन्छ । आ.ले.प. तथा अन्तिम लेखापरिक्षणबाट औंल्याइएका बेरुजु समपरिक्षण गर्न गराउन बेरुजु फछ्र्यौट  कार्ययोजना बनाई बेरुजुलाई शुन्यान्तर गर्न निर्देशन दिने निर्णय गरियो ।

१७ कार्यपालिका सञ्चालन गर्नको लागि आवश्यक पर्ने तपशिल बमोजिमका ऐन, नियम र निर्देशिकालाई स्वीकृती गर्ने निर्णय गरिकायो ।

<u>तपशिल</u>

| | |
|---|---|
| १ | स्थानीय तहको सरकारबाट गरिने बजार अनुगमन निर्देशिका, २०७५ |
| २ | जयपृथ्वी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ |
| ३ | न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ |
| ४ | स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि, २०७५ |
| ५ | जयपृथ्वी नगरपालिकाको कृषि व्यवसाय प्रर्द्धन ऐन, २०७५ |
| ६ | शिक्षा नियमावली, २०७५ |
| ७ | जयपृथ्वी नगरपालिका स्तरीय गुनासो सम्बोधन तथा व्यबस्थापन कार्यविधि २०७५ |
| ८ | अनाथ तथा जोखिमयुक्त बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम(सञ्चालन) ऐन, २०७५ |

१८ यस नगरपालिकाको कार्यालयबाट तलब भत्ता खाइपाई आएका लामो समय देखि सेवा करारमा कामकाज गरिरहेका कर्मचारीहरुको सेवा करारलाई निरन्तरता दिने निर्णय गरियो ।

१९ जयपृथ्वी नगरपालिकालाई तिव्वतको पबित्र धार्मिक स्थल मानसरोबर सम्म जाने यातायातामार्गको प्रस्थान बिन्दुको रुपमा बिकसित गरी बजार व्यवथापनमा जोड दिने निर्णय गरियो ।